July 04, 2025

**प्रमुख समाचार**

- राष्ट्रपति र प्रधानमन्त्रीद्वारा झारखण्डको पूर्व मुख्यमन्त्रीको निधनप्रति शोक व्यक्त
- फिलिपिन्सका राष्ट्रपति पाँचदिने भारत भ्रमणमा
- संसदका दुवै सदनको कार्यवाही आज दिनभरिका लागि स्थगित
- रोजगार मेलाअन्तर्गत विगत १६ महिनामा ११ लाखभन्दा बढी युवाहरूले रोजगारी पाएको श्रम तथा रोजगार मन्त्रीको दाबी
- एन्डरसन-तेन्डुलकर ट्रफी क्रिकेट टेस्टमा इङ्ग्ल्याण्डमाथि भारतको रोमाञ्चक जीत

## Soren-Condolence

राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी र अन्य विशिष्ट व्यक्तित्वहरूले झारखण्डका पूर्व मुख्यमन्त्री शिबु सोरेनको निधनमा शोक व्यक्त गर्नुभयो। उहाँको आज बिहान नयाँ दिल्लीमा निधन भयो। राष्ट्रपति मुर्मुले स्वर्गीय सोरेनको निधन सामाजिक न्यायको क्षेत्रमा ठूलो क्षति भएको बताउनुभयो भने प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक जीवनमा समर्पित स्वर्गीय सोरेन जनसेवाका कारण समाजको तल्लो तहबाट माथि उठेका नेता हुन् भन्नुभयो। साथै, रक्षामन्त्री राजनाथ सिंहले पनि सोरेनको निधनमा शोक व्यक्त गर्दै, उहाँ सधैँ जमिन र जनतासँग जोडिएको बताउनुभयो।

## Philipine Prez-India

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड रोमुआल्डेज मार्कोस जुनियर पाँचदिने भारत भ्रमणमा आज नयाँ दिल्ली आइपुग्नुभयो। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालका अनुसार, राज्यमन्त्री पबित्रा मार्गेरिटाले श्री मार्कोसलाई स्वागत गर्नुभयो। श्री जैसवालले भारत र फिलिपिन्सले कूटनीतिक सम्बन्ध स्थापनाको ७५ औँ वार्षिकोत्सव मनाउँदै गर्दा, राष्ट्रपति मार्कोस जुनियरको भ्रमणले दुई देशबीचको सम्बन्धलाई अझ बलियो बनाउने बताउनुभयो।

## Parliament-Adjourned

संसदका दुवै सदनको कार्यवाही आज दिनभरिका लागि स्थगित गरियो। झारखण्ड मुक्ति मोर्चाका वरिष्ठ नेता तथा वर्तमान सांसद शिबु सोरेनलाई श्रद्धाञ्जली अर्पण गरेपछि राज्यसभाको कार्यवाही स्थगित गरिएको थियो। यसैबीच, बिहारमा विशेष गहन संशोधन अभ्यासलाई लिएर विपक्षीको होहल्लाका कारण लोकसभाको कार्यवाही अवरुद्ध भएको थियो। पहिलो स्थगन पछि दिउँसो २ बजे लोकसभाको कार्यवाही पुनः

सुरु हुँदा विपक्षी दलहरू गहन संशोधन अभ्यासमा छलफलको माग गर्दै, अध्यक्षको अगाडि आए। आज बिहान ११ बजे सदनको कार्यवाही सुरु हुँदा विपक्षी सांसदहरूले विशेष गहन समीक्षा र अन्य मुद्दाहरूमा विरोध गर्न थाले। लोकसभा अध्यक्ष ओम बिर्लाले प्रश्नकाल सञ्चालन गर्ने प्रयास गर्नुभयो, तर विपक्षी सदस्यहरूले विशेष गहन समीक्षामा छलफलको माग गर्दै नाराबाजी गर्न थाले। श्री बिरलाले सदनभित्र प्लेकार्ड र ब्यानरहरू प्रदर्शन गर्ने कुरामा पनि आपत्ति जनाउँदै, यस्तो व्यवहार संसदीय नियमविरुद्ध भएको बताउनुभयो। होहल्लाबीच, श्रम तथा रोजगार मन्त्री मनसुख मांडवीयले सार्वजनिक क्षेत्रका कम्पनीहरूमा रोजगारीसँग सम्बन्धित प्रश्नको जवाफ दिनुभयो। होहल्ला जारी रहँदा, लोकसभा अध्यक्षले सदन स्थगित गर्नुभयो।

**Mandavia-Laksabha**

केन्द्रीय श्रम तथा रोजगार मन्त्री मनसुख मण्डावियाले आज रोजगार मेला अन्तर्गत विगत १६ महिनामा ११ लाखभन्दा बढी युवाहरूले रोजगारी पाएको बताउनुभयो। लोकसभामा एक पूरक प्रश्नको जवाफ दिँदै, उहाँले आर.बी.आईको प्रतिवेदनअनुसार, पछिल्लो दशकमा १७ करोडभन्दा बढी युवाहरूले रोजगारी बताउनुभयो। साथै, उहाँले युपीए सरकारको १० वर्षको कार्यकालमा केवल तीन करोड रोजगारीका अवसरहरू सिर्जना भएक ो तर आगामी पाँच वर्षमा ४ करोडभन्दा बढी रोजगारी सिर्जना गर्न प्रधानमन्त्री विकासशील भारत रोजगार योजना अन्तर्गत २ लाख करोड रुपियाँ विनियोजन गरिएको जानकारी दिनुभयो।

**PMMVY**

महिला तथा बाल विकास मन्त्रालयले प्रधानमन्त्री मातृ वन्दना योजना-PMMVY का लागि विशेष दर्ता अभियानलाई अगस्ट १५ सम्म बढाएको छ। आँगनवाडी र आशा कार्यकर्ताहरूका नेतृत्वमा घर-घर जागरूकता एवं नामाङ्कन अभियानले सबै योग्य गर्भवती र स्तनपान गराउने महिलाहरूसम्म पुग्ने र योजना अन्तर्गत उनीहरूको समयमै दर्ता सुनिश्चित गर्ने लक्ष्य राखेको छ। मन्त्रालयका अनुसार, यो योजनाले गर्भवती महिला र स्तनपान गराउने आमाहरूमा पौष्टिक आहार र स्वास्थ्य-सम्बन्धित व्यवहार सुधार गर्न वित्तीय सहायता प्रदान गर्नाका साथै बालिकाहरूप्रति सकारात्मक दृष्टिकोणलाई पनि बढावा दिन्छ। हालसम्म, १९ हजार करोड रुपियाँभन्दा बढीको मातृत्व लाभ रकम चार करोड पाँच लाखभन्दा बढी लाभार्थीहरूलाई उनीहरूको ब्याङ्क वा हुलाक खातामा प्रत्यक्ष लाभ स्थानान्तरण मार्फत भुक्तानी गरिएको छ।

**PIB-Fact Test**

प्रेस सूचना कार्यालयको तथ्य जाँच इकाइले भारत र अमेरिबीचको हालैको शुल्कसम्बन्धी घटनाक्रमबारे गलत सूचना फैलाउने सामाजिक सञ्जाल एकाउन्टहरूको निन्दा गरेको छ। यी एकाउन्टहरूमाथि विदेश मन्त्रालय र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नाममा बनावटी बयानहरू प्रसारित गरेको आरोप लगाइएको छ। तथ्य जाँच इकाइले प्रयोगकर्ताहरूलाई अनलाइन प्रसारित भइरहेको गलत सूचना र झूटा प्रचारको सिकार नहुन चेतावनी दिएको छ, साथै मानिसहरूलाई यस्तो कुनै पनि जानकारी साझा गर्नु वा विश्वास गर्नुअघि सधैँ आधिकारिक स्रोतहरूमा जाँच गर्न सल्लाह दिएको छ।

## Niti AAyog

नीति आयोगले आज **'२०० अर्ब डलरको अवसर निकाल्दै, भारतमा विद्युतीय सवारी साधन'** शीर्षकको आफ्नो प्रतिवेदन र भारत विद्युतीय गतिशीलता सूचकाङ्कको पहिलो संस्करण नयाँ दिल्लीमा जारी गर्‍यो। विद्युतीय सवारी साधनमा २०० अर्ब डलरको अवसर प्रदान गर्ने प्रतिवेदनले प्रोत्साहनबाट जनादेश र निषेधमा सर्ने र उच्च-सम्भावित सवारी साधन क्षेत्र र भौगोलिक क्षेत्रहरूमा ध्यान केन्द्रित गर्ने लक्ष्य राखेको छ। यसले विद्युतीय बस र ट्रकहरूका लागि वित्तपोषण सक्षम पार्ने लक्ष्य पनि राखेको छ, जसले हाल महत्त्वपूर्ण अवरोधहरूको सामना गरिरहेका छन्। यसबाहेक, यस सूचकाङ्कले तीन मुख्य विषयवस्तु अन्तर्गत १६ सूचकहरूमा एक सयमध्ये सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई ट्र्याक, मूल्याङ्कन र अङ्क प्रदान गर्दछ। यी विषयवस्तुहरू माग पक्ष अपनाउनक ा लागि यातायात विद्युतीकरण प्रगति, सम्बद्ध चार्जिङ पूर्वाधार विकास ट्र्याक गर्न चार्जिङ पूर्वाधार तयारी अनि EV अनुसन्धान र नवीनता स्थिति हुन्।

## CRICKET

भारतले आज लन्डनको ओभलमा सम्पन्न एन्डरसन-तेन्डुलकर ट्रफीको अन्तिम क्रिकेट टेस्टमा आयोजक इङ्ल्यान्डमाथि ६ रनको रोमाञ्चक जित हासिल गर्दै, पाँच खेलको श्रृङ्खला २-२ को बराबरीमा टुङ्गाएको छ। भारतले दिएको ३७४ रनको लक्ष्य पछयाउँदै, आयोजक टोलीले पाँचौँ दिन दोस्रो इनिङमा ३६७ रन बनाएको थियो। आगन्तुक टोलीले दिनको सुरुवात आक्रामक रूपमा खेलेको थियो। टोली इण्डियाले आफ्नो दोस्रो इनिङमा प्रभावशाली ३९६ रन बनाएको थियो। पहिलो इनिङमा भारतको २२४ रनको जवाफमा इङ्ल्यान्ड २४७ रनमा अलआउट भयो। मोहम्मद सिराजलाई खेलको प्लेयर अफ द म्याच घोषित गरियो।

## Women Cricket

महिलाहरूका लागि पहिलो आई.पी.एल शैलीको टी-२० क्रिकेट च्याम्पियनशिप आज बैँगलुरुमा सुरु भयो। मैसूर वरियर्स, हुबली टाइगर्स, कल्याणी बैँगलुरु ब्लास्टर्स, मङ्गलुरु ड्र्यागन र शिवमोग्गा लायोनेसेसले अगस्ट १० सम्म एम. चिन्नास्वामी स्टेडियममा टी-२० महारानी ट्रफीका लागि प्रतिस्पर्धा गर्नेछन्। आजको पहिलो प्रि-म्याचमा, शिवमोग्गा लायोनेसेसले बिहान हुबली टाइगर्सलाई १५ रनले पराजित गर्‍यो। शिवमोग्गा लायोनेसेसको ६ विकेटमा १२६ रनको जवाफमा, हुबली टाइगर्सले पाँच विकेटमा १११ रन मात्र बनाउन सक्यो। अर्को खेल मङ्गलुरु ड्र्यागन र बैँगलुरु ब्लास्टर्स बीच खेलिनेछ।

## Archery League

भारतीय आर्चरीको एक ऐतिहासिक कदमका रूपमा, भारतीय आर्चरी संघ-ए.ए.आईले पहिलो आर्चरी लिगको अनावरण गरेको छ। यो लिग अक्टोबरमा यमुना स्पोर्ट्स कम्प्लेक्स, नयाँ दिल्लीमा आयोजना हुनेछ। ११ दिने प्रतियोगितामा शीर्ष पुरुष र महिला रिकर्भ र कम्पाउन्ड आर्चरी, विश्वस्तरीय अन्तर्राष्ट्रिय खेलाडीहरू र शीर्ष भारतीय खेलाडीहरू सहभागी हुनेछन्। सबैले छ वटा फ्रान्चाइजी टोलीहरूको प्रतिनिधित्व गर्नेछन्। ए.ए.आईका अध्यक्ष अर्जुन मुन्डाका अनुसार, लिगले देशभरिका अनगिन्ती युवा आर्चरहरूको सपना साकार पार्नेछ, जो लामो समयदेखि आफ्नो सीप प्रदर्शन गर्न मञ्च खोजिरहेका छन्।

**अन्त्यमा प्रमुख समाचार पुनः एकपटक**

- राष्ट्रपति र प्रधानमन्त्रीद्वारा झारखण्डको पूर्व मुख्यमन्त्रीको निधनप्रति शोक व्यक्त
- फिलिपिन्सका राष्ट्रपति पाँचदिने भारत भ्रमणमा
- संसदका दुवै सदनको कार्यवाही आज दिनभरिका लागि स्थगित
- रोजगार मेलाअन्तर्गत विगत १६ महिनामा ११ लाखभन्दा बढी युवाहरूले रोजगारी पाएको श्रम तथा रोजगार मन्त्रीको दाबी
- एन्डरसन-तेन्डुलकर ट्रफी क्रिकेट टेस्टमा इङ्ग्ल्याण्डमाथि भारतको रोमाञ्चक जीत